कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
(५ नं प्रदेश-नेपाल)

प.सं. :०७६/०७७
च.नं. : २८२०

फोन नं. :- ०८१-५४०००९
फ्याक्स नं. :- ०८१-५४०३१८

श्री कोहलपुर नगरपालिका क्षेत्रका बैंक तथा वित्तिय संस्थाहरु सबै ।

मिति : २०७७/०१/३१

**बिषय : जानकारी सम्बन्धमा ।**

प्रस्तुत विषयमा **कोरोना भाईरस (कोभिड-१९) रोग नियन्त्रण तथा व्यवस्थापन समितिको** मिति २०७७ बैशाख ३० गतेका दिन बसेको बैठकको निर्णय वमोजिम अर्को सूचना नभए सम्मका लागि तपसिल वमोजिमका बैंक तथा वित्तिय संस्थाहरुले निम्न वमोजिमको बार र समयमा आ-आफ्नो बैंकको कारोवार **"नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको स्वास्थ्य सुरक्षा मापदण्ड तथा अन्य स्वास्थ्य सम्बन्धी प्रोटोकल"** अवलम्बन गरी कारोवार संचालन गर्ने व्यवस्था मिलाउन हुन सवैमा यो जानकारी गराईएकोछ ।

तपसिल :

१.सरकारी कारोवार तथा राजश्व सम्बन्धि कारोवार गर्ने नेपाल बैंक, राष्ट्रिय वाणिंज्य बैंक र कृषि विकास बैंकको हकमा शाखा प्रबन्धकहरुले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको स्वास्थ्य सुरक्षा मापदण्ड तथा अन्य स्वास्थ्य सम्बन्धि प्रोटोकल अवलम्बन गरी कारोवार संचालन समय र बार एकिन गरी कारोवार संचालन गर्ने ।

२. ~~अन्य विकास~~ अन्य बैंक तथा वित्तिय संस्थाहरुको हकमा सर्वसाधरणको निक्षेप संकलन तथा भुक्तानी सम्बन्धी कार्य प्रत्येक हप्ताको आईतबार र बुधबार संचालन गर्ने ।

बिरेन्द्रदेव भारती
(प्रमुख प्रशासकीय अधिकृत)
वीरेन्द्रदेव भारती
प्रमुख प्रशासकीय अधिकृत

ईमेल : kohalpurmun@gmail.com, info@ kohalpurmun.gov.np वेवसाईट : WWW.kohalpurmun.gov.np
फोन नं. ०८१-५४०३१८, ५४००९